६८३

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

निर्णय नं. ४१

जिल्ला कृषि विकास कार्यालय, कञ्चनपुरमा कार्यरत दुर्गाप्रसाद पन्थी ..........................१ पुनरावेदक

विरूद्ध

नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, काठमाडौं ..........................................१ विपक्षी

विषय :- लगत कट्टा गर्नू ।

जिल्ला कृषि विकास कार्यालय, कञ्चनपुरमा कार्यरत दुर्गाप्रसाद पन्थीले नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, काठमाडौंसँग कार्यसम्पादन मुल्यांकनको पुनरावलोकन समितिले प्रदान गरेको अंक उपलब्ध गराई पाउँ भनी विभिन्न मितिमा पुनरावेदन गरेको । यस आयोगबाट पनि पुनरावदकको माग बमोजिम सूचना उपलब्ध गराउनु भनी आदेश गरेको र आयोगको आदेश बमोजिम सूचना उपलब्ध नगराएकोले मिति २०६६।०५।१० को निर्णय बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम किन कारवाही गर्न नपर्ने हो ? भन्ने आदेशको विरुद्ध विपक्षी तत्कालीन कृषि तथा सहकारी मन्त्रालयका सचिव नाथुप्रसाद चौधरीको तर्फबाट यस आयोगलाई समेत विपक्षी बनाई सर्वोच्च अदालतमा रिट नं ०६६-WO-१३६८ उत्प्रेषणयुक्त परमादेश रिट दायर गरेको ।

सो मुद्दाको सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतको संयुक्त इजलाशबाट प्रस्तुत रिट निवेदन खारेज हुने ठहऱ्याई मिति २०७१।१०।१८ मा अन्तिम आदेश समेत भएको देखिदा सम्मानीत सर्वोच्च अदालतको आदेश बमोजिम यस सम्बन्धमा थप कारवाही गरिरहनु परेन । प्रस्तुत पुनरावदनको लगत कट्टा गर्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ २५ गते रोज ६ शुभम् ।